त्रिभुवन विश्वविद्यालय
**शिक्षाशास्त्र संकाय**
**परीक्षा नियन्त्रण महाशाखा**
बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा बल्खु

मिति: २०८१।५।६

# स्नातक तह BICTE/B.Ed. (ICTE & SNE) चौथो र सातौं सेमेष्टरको परीक्षा आवेदन फारम भर्ने/भराउने सम्बन्धी सूचना

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित स्नातक तह BICTE/B.Ed. (ICTE & SNE) चौथो र सातौं सेमेस्टर (नियमित तथा आंशिक/मौका) को २०८२ साल कार्तिक महिनामा संचालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले यही २०८२ साल भाद्र २० गतेसम्म भौतिक तथा अनलाईन मार्फत परीक्षा आवेदन फारम भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ। तोकिएको समयभित्र परीक्षा फारम भर्न छूट हुने विद्यार्थीहरुले यही २०८२ साल भाद्र २१ गतेदेखि २५ गतेसम्म दोब्बर शुल्क तिरी परीक्षा आवेदन फारम भर्न सक्नेछन्। सम्बन्धित क्याम्पसहरुले परीक्षा शुल्क वापत संकलित रकम एकल शुल्कको हकमा यही २०८२ साल भाद्र २२ गतेभित्र तथा दोब्बर शुल्कको हकमा यही २०८२ साल भाद्र २६ गतेभित्र यस संकायको नाममा नेपाल बैंक लि.मा रहेको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेका परीक्षा फारमहरुमा आन्तरिक मूल्यांकनको अकं प्रविष्ट गरी यही २०८२ साल भाद्र २६ गतेसम्म Verify गरिसक्नु पर्नेछ। साथै सबै सम्बन्धित क्याम्पसहरुले आ-आफ्ना क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई भौतिक परीक्षा फाराम समेत भराउनु पर्नेछ र सो फारममा तोकिएको ठाउँमा आन्तरिक मूल्यांकनको अंक प्रविष्ट गरी अन्य आवश्यक दस्तखत, छाप, फोटो आदि राखी यस शिक्षाशास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखामा यही २०८२ साल भाद्र ३१ गतेसम्म पुग्ने गरी पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

**पुनश्च:**

- यस संकायको वेभसाइट: tufoe.edu.np मा गई नियमित तथा आंशिक/मौका परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन्।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. २५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ। जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ। Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ।
- सम्बन्धित क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ। साथै परीक्षा आवेदन शुल्क डीन कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर पनि भौतिक परीक्षा फाराम साथै ल्याउनु पर्नेछ र डीन कार्यालयको लेखा शाखामा बुझाउनुपर्नेछ।
- अनलाइन परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड् गर्नुपर्नेछ। यदि आवेदक विद्यार्थीले अप्लोड गरेको फोटो अस्पष्ट भएमा आवेदन फारम अस्वीकृत हुनेछ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ।

सहायक डीन